# स्टेम शिक्षा व्यवस्थापन निर्देशिका, २०७७

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

# स्टेम शिक्षा व्यवस्थापन निर्देशिका , २०७७

**माननीय (मन्त्री स्तर) बाट मिति २०७७।०६।१३ गते स्वीकृत**

**प्रस्तावनाः** विज्ञान, प्रविधि, इन्जिनियरिङ् र गणित विषयलाई संस्थागत गरी शिक्षालाई प्रदेश विकासको लागि आवश्यक पर्ने मानव पुँजी निर्माण गर्ने संयन्त्रको रुपमा रुपान्तरण गर्ने प्रदेश सरकारको आर्थिक वर्ष २०७७।७८ को नीति कार्यान्वयन गर्न र विद्यालय शिक्षाको सबलीकरणबाट गणित विज्ञान विषयको नतिजा सुधारमा ल्याउने कार्यलाई व्यवस्थित गर्न वाञ्छनिय देखिएकाले सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ ले देहायको निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "**स्टेम शिक्षा व्यवस्थापन निर्देशिका , २०७७** रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनुपर्दछ।

ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ।

ग) "निर्देशनालय" भन्नाले शिक्षा तथा सामाजिक विकास निर्देशनालय, प्रदेश नं. ५ लाई सम्झनुपर्दछ।

घ) "तालिम केन्द्र" भन्नाले प्रदेश शिक्षा तालिम केन्द्र प्रदेश नं ५ लाई संझनुपर्दछ ।

ङ) "डिभिजन कार्यालय" भन्नाले आफु मातहत पर्ने दुई जिल्लामा प्रादेशिक कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग पुर्याउन रुपन्देही, पाल्पा, कपिलबस्तु ,दाङ , प्युठान र बाके जिल्लामा रहेका सामाजिक विकास डिभिजन कार्यालय भन्ने सम्झनुपर्दछ।

च) "स्टेम शिक्षा" विज्ञान, प्रविधि, इन्जिनियरिङ् र गणितका विषयका आधारभुत ज्ञानलाई एकिकृत सहसम्बन्धका माध्यमबाट कार्यान्वयन ल्याई विद्यालय शिक्षाको सबलिकरण गर्न सहयोग पुर्याउने शिक्षालाई सम्झनुपर्दछ।

छ) "सामुदायिक विद्यालय" सरकारको आर्थिक दायित्वमा सञ्चालनमा रहेका साधारण, धार्मिक र विशेष विद्यालयहरुलाई संझनुपर्दछ ।

ज) "कन्सोर्टियम" भन्नाले स्टेम शिक्षाको माध्यमबाट हालको विद्यालय शिक्षामा सवलिकरण गर्ने उद्देश्यले प्रत्येक जिल्लामा सक्षम जनशक्ति, प्रयोगशाला, सुचना प्रविधि र पुर्वाधार जन्य क्षमता भएको विद्यालयलाई कन्सोर्टियम संझनुपर्दछ जुन जिल्लाको लिडर स्कुल हुनेछ ।

झ) "फिडर स्कुल" जिल्लामा कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन गरेका सबै र कक्षा १० सम्म सञ्चालित विद्यालयमा रहेको विज्ञान विषयको जनशक्ति, प्रयोगशाला क्षमता र सुचना प्रविधि सहितको उचित भौतिक पुर्वाधार क्षमताका आधारमा छानिएका विद्यालयहरुलाई संझनुपर्दछ ।

ञ) "शिक्षक नेटवर्क" कन्सोर्टियम र फिडर विद्यालयका गणित र विज्ञान विषय शिक्षकहरुलाई एउटा साझा

प्लेटफर्ममा आवद्ध गर्ने सञ्जाललाई संझनुपर्दछ ।

ट) "फोकल पर्सन" भन्नाले विज्ञान विषयका स्नातकोत्तर गरी स्टेम शिक्षाको कन्सोर्टियम सञ्चालनको लागि प्राविधिक तथा प्रविधिजन्य सक्षमता हासिल गरेका प्रत्येक डिभिजन कार्यालय रहेको जिल्लाको लिडर स्कुलमा रहने प्राविधिक जनशक्तिलाई संझनुपर्दछ ।

ठ) "प्रदेश स्टेम सञ्जाल" भन्नाले दफा ९ वमोजिम गठित सञ्जाललाई संझनुपर्दछ ।

ड) "एक्सन लर्निङ् ग्रुप" भन्नाले कन्सोर्टियम र फिडर विद्यालयमा स्टेम शिक्षा कार्यान्वयनका लागि गणित र विज्ञान विषय शिक्षकहरु र विद्यालय प्रधानाध्यापक सम्मिलित संयन्त्रलाई संझनुपर्दछ ।

ढ) निर्देशिका" भन्नाले **स्टेम शिक्षा व्यवस्थापन निर्देशिका, २०७७** सम्झनुपर्दछ।

## परिच्छेद - २

## उद्देश्य सम्बन्धी व्यवस्था

**३.<u>उद्देश्यः</u>** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्।

१. स्टेम शिक्षाको प्रभावकारी व्यवस्थापनका समग्र पक्षमा सहयोग गर्ने ।

२. स्टेम शिक्षा कन्सोर्टियमको स्थापना, विकास र सञ्चालनमा सहयोग गर्ने ।

३. लिडर, फिडर विद्यालयहरुका विषयगत शिक्षकहरुको सञ्जालको स्थापना र क्षमता विकास कार्यक्रमहरु सञ्चालनमा सहयोग।

४. स्टेम शिक्षाका माध्यमबाट गणित र बिज्ञान विषयको नतीजा सुधार गर्न फोकल पर्सनको प्राविधिक सहयोगबाट शिक्षकहरुको क्षमता अभिवृद्धि गरी विद्यार्थीको सिकाई उपलब्धिमा सुधार ल्याउने ।

## परिच्छेद-३

## विभिन्न समिति, सञ्जाल तथा कन्सोर्टियम सम्बन्धी व्यवस्था

**<u>४. निर्देशक समिति सम्बन्धि व्यवस्थाः</u>** (१) स्टेम शिक्षालाई व्यवस्थित रुपमा संचालन गर्न मार्गदर्शन गर्ने प्रयोजनका लागि सामाजिक विकास मन्त्रीको अध्यक्षतामा निम्नानुसारको एक निर्देशक समिति रहनेछ ।

अध्यक्षः मन्त्री, सामाजिक विकास मन्त्रालय

सदस्यः सचिव, सामाजिक विकास मन्त्रालय

सदस्यः निर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय

सदस्य तालिम प्रमुख, शिक्षा तालिम केन्द्र

सदस्य सचिवः महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय

५. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) स्टेम शिक्षा सम्बन्धी प्रादेशिक नीतिहरु तयार गर्ने ।

ख) स्टेम शिक्षा सम्बद्ध कार्यक्रमहरुको अनुगमन मुल्याङ्कन गरी आवश्यक सुधारहरु गर्ने ।

ग) स्टेम शिक्षाको कार्यान्वयनका सन्दर्भमा सम्मिलित निकाय र सञ्जालहरुका काम कारवाहीको अनुगमन र निर्देशन ।

**६. कन्सोर्टियमको स्थापना:** (१) स्टेम शिक्षाको प्रभावकारी परिचालनका लागि प्रत्येक जिल्लाका गणित र विज्ञान प्रयोगशालाहरुमा विषयगत सामग्री तथा अन्य सन्दर्भ सामग्रीको व्यवस्थापन गरी क्रमशः स्रोतपुर्ण बनाउने गरी लिडर स्कुललाई कन्सोर्टियको रुपमा स्थापना गरिनेछ ।

(२) स्टेम शिक्षाका माध्यमबाट विद्यालय शिक्षाको सवलिकरणका लागि कन्सोर्टियम अन्तर्गत परिचालन हुनेगरी विज्ञान विषयमा स्नातक गरेका वा अन्तिम वर्ष वा सेमेष्टरको परीक्षा दिई बसेका विद्यार्थीहरुलाई प्राविधिक सहयोगको लागि परिचालन गरिनेछ ।

(३) जिल्लामा स्थापना हुने गणित र विज्ञान शिक्षकको नेटवर्क कन्सोर्टियमको एक महत्वपुर्ण पक्ष रहनेछ ।

(४) निश्चित समयावधीमा अनुभवको आदान प्रदान गर्ने गरी प्रत्येक विद्यालयमा एक्सन लर्निङ् ग्रुपको गठन गरिनेछ ।

**७. शिक्षक नेटवर्क गठन:** (१) प्रत्येक विद्यालयमा स्थापना हुने एक्सन लर्निङ्ग ग्रुप पहिलो तहको र जिल्लामा स्थापना हुने कन्सोर्टियम र फोकल पर्सन सँग जोडिने नेटवर्क दोस्रो तहको र सबै फिडर स्कुलहरुका गणित विज्ञान विषय शिक्षकहरुको नेटवर्क गरी तिन तहमा शिक्षक नेटवर्क गठन गरिनेछ । गठित नेटवर्कको भुमिका निम्नानुसारको हुनेछ ।

(क) प्रत्येक विद्यालयमा स्टेम शिक्षाको आधारभुत अवधारणालाई कार्यान्वयनमा ल्याउन सोधपुछ र सहयोग लिने पहिलो निकायको रुपमा जिल्लाको कन्सोर्टियम स्थापित विद्यालयका विषयगत शिक्षकहरु हुनेछन ।

(ख) स्टेम कार्यान्वयनमा जिल्लाका असल अभ्यास र समस्याहरुको प्रतिवेदन तयार गरी कन्सोर्टियम रहेको वा लिडर विद्यालयले स्टेम फोकल पर्सन समक्ष राख्नु पर्नेछ । त्यसरी स्टेम फोकल पर्सनबाट प्राप्त प्राविधिक सहयोगलाई कन्सोर्टियममा हुने आदान प्रदान बैठकमा प्रस्तुत गर्ने ।

(ग) नेटवर्कले जहिले पनि नवप्रवर्तनलाई उच्च महत्व दिई त्यसरी शिक्षकहरुबाट भएका नवप्रवर्तनहरुलाई प्रदेशस्तरमा गठन हुने स्टेम सञ्जालमा प्रस्तुतिको अवसरका साथै सञ्चालले यस किसिमको नमुनालाई मन्त्रालयमा पेश गर्नेछ र मन्त्रालयले त्यस खालका नवप्रवर्तनलाई पुरस्कृत गर्न सक्नेछ ।

**८. फोकल पर्सन सञ्जाल गठन:** (१) प्रदेश स्तरमा रहेका डिभिजन कार्यालय अन्तर्गतका जिल्लाहरुका कन्सोर्टियम वा लिडर विद्यालयमा रहने फोकल पर्सनहरुको विचमा सञ्चाल स्थापना गरी उनिहरुका काम कारवाही र कार्य अनुभव आदान प्रदानको अवसर सृजना गरिनेछ ।

**९. प्रदेश स्तरीय स्टेम सञ्जालको गठनः** (१) स्टेम शिक्षामा माध्यमबाट विद्यालय शिक्षाको सवलिकरण गर्ने विषयमा कार्यान्वयन पक्षको समिक्षा र थप प्रभावकारी बनाउनका लागि लिनुपर्ने कदमका सन्दर्भमा आवश्यक छलफल गरी निर्णय लिनका लागि तपशिल अनुसारको समिति गठन गरिनेछ ।

संयोजकः उपसचिव, शैक्षिक योजना तथा अनुसन्धान, महाशाखा सामाजिक विकास मन्त्रालय

सदस्यहरुः अधिकृत प्रतिनिधि, शिक्षा तालिम केन्द्र

सदस्यः अधिकृत प्रतिनिधि, शिक्षा तथा सामाजिक विकास निर्देशनालय

सदस्यहरुः डिभिजन कार्यालय प्रमुखहरु

सदस्यहरुः स्टेम फोकल पर्सनहरु

सदस्यहरुः कन्सोर्टियम विद्यालय तथा फिडर विद्यालयबाट मन्त्रालयले मनोनित गरेका शिक्षकहरु

सदस्य सचिवः शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय

**१०. प्रदेश स्तरीय सञ्जालको काम कर्तव्य र अधिकारः** (१) स्टेम सञ्जालको काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ ।

क) मन्त्रालयद्वारा विकास गरिएको स्टेम शिक्षाको अवधारणा वा मार्ग चित्रलाई सञ्जालमा अभिमुखिकरण गर्ने,

ख) स्टेम शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि अनुभवहरुको आदान प्रदान गर्ने र आवश्यकता अनुसार विकास र परिमार्जनका लागि अध्ययन अनुसन्धानको कार्य गर्ने र प्राप्त प्रतिवेदनलाई मन्त्रालयमा पेश गर्ने,

ग) स्टेम शिक्षाका माध्यमबाट विद्यालय शिक्षाको सवलिकरणमा के कस्तो प्रभाव देखिएको छ कार्यक्रमको स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

घ) सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सञ्जालका गतिविधिलाई जिबन्त बनाउने,

ङ) शिक्षकहरुको सक्षमता अभिवृद्धिका लागि आवश्यक क्षमता विकास तालिम र तालिम प्याकेजहरुको निर्माणमा तालिम केन्द्रलाई प्राविधिक सहयोग गर्ने,

च) तालिम कार्यक्रम सञ्चालनमा आवश्यक सहयोग गर्ने गराउने ।

## परिच्छेद ४
## फोकल पर्सन सम्बन्धी व्यवस्था

**११. फोकल पर्सनको नियुक्तिः (१)** स्टेम शिक्षाको माध्यमबाट विद्यालय शिक्षाको सबलिकरण गर्ने महत्वपुर्ण भुमिकाको लागि विज्ञान विषयमा स्नातकोत्तर गरेका व्यक्तिहरुबाट प्रतिष्पर्धाको आधारमा प्रत्येक डिभिजन कार्यालय अन्तर्गत रहने जिल्लाका कन्सोर्टियममा रहने गरी ६ जना फोकल पर्सनको नियुक्ति गरिनेछ ।

(२) नियुक्ति तथा सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था स्वयमसेवक परिचालन कार्यविधि २०७५ र निर्देशक समितिको निर्णय अनुसार हुने छ ।

**<u>१२. फोकल पर्सनको भुमिकाः</u>** (१) दफा ११ वमोजिम नियुक्ति हुने फोकल पर्सनहरुको भुमिका देहाय अनुसार हुनेछ ।

(क) स्टेम शिक्षाका सन्दर्भमा विकसित अवधारणा तथा विभिन्न मुलुकको कार्यान्वयन अनुभव समेत जानकारी हासिल गरी प्रभावकारी कार्यान्वयनमा पहिलो भुमिका खेल्ने,

(ख) आफ्नो सेवा क्षेत्र भित्र पर्ने जिल्लाका कन्सोर्टियम तथा फिडर विद्यालयहरुलाई स्टेमको विकसित अवधारणाको सहजिकरणका साथै त्यसबाट सामुदायिक विद्यालयको शिक्षामा कसरी सहयोग पुर्याउन सकिन्छ प्राविधिक एवम कार्यान्वयन योग्य क्षमताको विकास गर्ने,

(ग) जिल्ला स्तरमा शिक्षकको क्षमता विकासका विभिन्न रणनीतिहरुको विकास गरी कार्यान्वयनमा ल्याउने त्यसरी विकास गरेका रणनीतिहरुको कार्यान्वयन गर्नु पुर्व प्रदेश स्तरीय स्टेम सञ्जालमा सहमतीको लागि पेश गर्ने,

(४) आफ्नो क्षमता अभिवृद्धिका लागि निरन्तर लागि रहने र शिक्षकहरुलाई नवप्रवर्तनीय बनाउन संकल्पित हुने,

(५) शिक्षकहरुको कक्षा अवलोकन गरी उनिहरुको क्षमतामा थप सुधार ल्याउन सुझाव उपलब्ध गराउने वा नमुना कक्षा पर्दशन गर्ने,

(६) कन्सोर्टियम रहेको विद्यालयबाट परिचालन हुने स्वयमसेवकहरुको क्षमता अभिवृद्धि गरी इन्नोभेसनका नमुनाका रुपमा विकास गरी परिचालनको सुनिश्चितता गर्ने,

(७) सम्बन्धित डिभिजन कार्यालय, निर्देशनालय र मन्त्रालयले दिएका निर्देशनहरुको पालना गर्ने ।

## परिच्छेद ५

## स्टेम शिक्षाका सन्दर्भमा सञ्चालन हुने कार्यक्रम सम्बन्धी व्यवस्था

**<u>१३. स्टेम अवधारणा तथा मार्गचित्रको अभिमुखिकरणः</u>** (१) स्टेम शिक्षाका सन्दर्भमा जिल्ला भर एकरुपता कायम गर्न मन्त्रालयले स्टेम अवधारणा तथा मार्गचित्र तयार गरी सम्बद्ध सरोकारवालाहरुलाई अभिमुखिकरण गर्नेछ ।

**<u>१४. वेसलाईन तयार गर्नेः</u>** (१) स्टेम शिक्षाको शुरुवात सँगै आउने सकारात्मक प्रभावको वास्तविक मापनका लागि स्टेम शिक्षा कार्यान्वयन पुर्वको अवस्थाको जानकारीका लागि वेसलाईन तयार गरि कार्यान्वयनमा ल्याईनेछ । वेसलाईन तयारको कार्य निर्देशनालय र मन्त्रालयको सहकार्यमा निर्माण गरिनेछ ।

**<u>१५. भौतिक पुर्वाधार विकास सहयोग कार्यक्रमः</u>** (१) स्टेम शिक्षाको माध्यमबाट विद्यालय शिक्षाको

सबलिकरणमा सहयोग गर्न यो कार्यक्रम लागु हुने विद्यालयहरुको आवश्यकताका आधारमा पुर्वाधार सुधारको लागि कार्यक्रम कार्यान्वयनमा ल्याइने छ । पहिलो वर्ष सञ्चालन हुने पुर्वाधार सुधारका कार्यक्रमहरु निम्मानुसारका हुनेछन ।

(क) बिज्ञान पुस्तकालयहरुलाई सहयोग कार्यक्रम

(ख) ल्याव तथा कक्षाकोठा सुदृढीकरण कार्यक्रम

(ग) विद्यालयहरुमा सिमुलेटेड प्लानेटोरियमको स्थापना

(घ) स्टेम सामग्री निर्माण सहयोग कार्यक्रम

**१६. क्षमता विकास तालिम कार्यक्रमः** (१) स्टेम शिक्षाको वास्तविक कार्यान्वयनको आधारशिला कक्षाकोठा भएकाले कक्षाकोठामा सहजिकरण गर्ने शिक्षकहरुको क्षमता विकास यसको सबैभन्दा महत्वपुर्ण पक्ष हो ।स्टेम शिक्षाको अवधारणा र मार्गचित्रमा आधारित भई तालिम प्याकेजको निर्माण गरी मन्त्रालयबाट स्वीकृत गराई प्रदेश शिक्षा तालिम केन्द्रबाट गणित र विज्ञान विषयका ४०० शिक्षकलाई तालिम दिइनेछ ।

(२) क्षमता विकास तालिमलाई परियोजनामा आधारित बनाई बालबालिकामा विकास गर्न खोजिएको नवप्रवर्तनकारी सोच र खोजको लागि साना साना विद्यार्थी केन्द्रित परियोजना निर्माणमा केन्द्रित गर्नुपर्नेछ ।

**१७. प्रतियोगितात्मक कार्यक्रमहरुः**(१) स्टेम शिक्षामा आधारित प्रतियोगिताहरु स्थानीय तह स्तरमा, जिल्लास्तरमा र प्रदेश स्तरमा संचालन गर्न सकिने छ ।

(२) गणित, बिज्ञान तथा नवप्रवर्तनमा आधारित प्रतियोगिता विद्यार्थीहरुका विच र शिक्षकहरुका विचमा विद्यालय तथा अन्तर विद्यालय रुपमा सञ्चालन गरिने छ ।

## परिच्छेद ५

## विविध

**१८. विद्यार्थी परिचालनः** (१) सामुदायिक विद्यालयमा रहेको विज्ञान विषयको जनशक्ति अभावलाई केही हद सम्म कम गर्न उच्च शिक्षा हासिल गरिरहेका ताजा दिमागलाई कक्षाकोठाका गतिविधि सँग जोडेर नयाँ र पुर्व अनुभवीहरुका विच अनुभवहरुको आदान प्रदानको वातावरण तयार गर्न विज्ञान विषयमा स्नातक तह अन्तिम वर्ष वा सेमेष्टरको परीक्षा दिएर नतिजा पर्खिरहेका विद्यार्थीहरुलाई स्टेम शिक्षाको कार्यान्वयनमा निश्चित अवधिको लागि परिचालन गरिनेछ ।

(२) यसरी परिचालन हुने नविन नवप्रवर्तनकारी मस्तिष्कलाई स्टेम शिक्षा सँगै विद्यालय शिक्षामा विज्ञान विषय सहजिकरणको जिम्मेवारी दिईनेछ ।

(३) यसरी परिचालन हुने विद्यार्थीहरुका लागि उपलब्ध गराईने सेवा सुविधा तथा जिम्मेवारी करार संझौतामा उल्लेख भए वमोजिम हुनेछ ।

**१९. प्रचलित कानुन बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेखित भएको विषयको हकमा यसै बमोजिम र

अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

२१. **<u>फरफारकः</u>** यस निर्देशिका वमोजिम सञ्चलित कार्यक्रमको फरफारक मन्त्रालय. निर्देशनालय, शिक्षा विकास तालिम केन्द्र र डिभिजन कार्यालयबाट हुनेछ।

२२. **<u>सरकारी बाँकी सरह असूल उपर हुनेः</u>** यस निर्देशिका वमोजिम सञ्चालित कार्यक्रमहरुका लागि प्राप्त रकम हिनामिना भएमा वा तोकिएको मापदण्ड अनुरुप कार्य नभएमा कार्यक्रम कार्यान्वयनमा संलग्न जिम्मेवार पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरी कारवाहिका लागि अख्तियार प्राप्त निकायमा लेखी पठाइने छ।

२३· **<u>प्राविधिक अनुगमन तथा जाँचपासः</u>** (१) यस निर्देशिका अन्तरगत हुने निर्माण कार्यको प्राविधिक जाँचपास, योग्यता पुगेको प्राविधिकबाट हुनेछ ।

२४· **<u>लागत अनुमानः</u>** कार्यक्रमको लागत अनुमान प्रचलित कानून अनुसार मान्यता प्राप्त प्राविधिकबाट तयार भएको हुनुपर्नेछ।

२५. **<u>सामाजिक परीक्षणः</u>** यस निर्देशिका बमोजिम कार्यक्रम सम्पन्न भएपछि जिम्मेवार समिति वा अधिकारीले कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी-खर्च, कार्यक्रमबाट निर्मित संरचना र खरिद भएका भौतिक वस्तुको सार्वजनीक जानकारी गराउनु पर्नेछ।

**<u>२६.संशोधनः</u>** मन्त्रालयले आवश्यक ठानेमा यो निर्देशिका संशोधन गर्न सक्नेछ ।